**मानवअधिकार रक्षक सम्बन्धी ईयू निर्देशिका**

**स्थानीय कार्यन्वयन नीति (नेपाल)**

मानवअधिकार रक्षक ती व्यक्ति, समूह, वा समाजका अङ्ग हुन् जसले विश्वव्यापी रुपमा स्वीकार्य गरिएको मानवअधिकार र मौलिक स्वतन्त्रताको रक्षा र सम्वर्धन गर्दछन्। मानवअधिकार रक्षकले नागरिक तथा राजनीतिक अधिकार रक्षा र सम्वर्धन संगसंगै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्राप्ति, रक्षा र सम्वर्धनको निम्ति कार्य गर्दछन। मानवअधिकार रक्षकले समूह, उदाहरणको लागि आदिवासी समुदायको सदस्यको अधिकार र रक्षा र सम्वर्धन गर्दछन। यस परिभाषाले हिंसाको प्रसार गर्ने वा हिंसा गर्ने व्यक्ति वा समूहलाई समेट्दैन।

मानवअधिकार रक्षक द्वारा गरिने कार्य निम्न प्रकारका छन् तर यती मै सिमित छैनन्।

- मानवअधिकार उल्लङ्घनका घटनाको अनुगमन र दस्तावेजीकरण।
- मानवअधिकार उल्लङ्घनबाट पिडित व्यक्तिकाका निम्ति कानूनी, मनोबैज्ञानिक स्वाथ्य सम्बन्धी वा अरु किसिमको आवश्यक सहयोग उपलब्ध गराउने, विशेषरुपमा अहिलेको संक्रमणकालिन न्यायको प्रक्रिया पूर्ण नभइसकेको अवस्थामा।
- मानवअधिकार सम्बन्धी नौलो उपाय तथा सिद्धान्तको विकाश तथा छलफल गर्ने र तिनको स्वीकार्यताको निम्ति वकालत गर्ने।
- मानवअधिकारको प्रचारप्रसार र शिक्षा दिने।
- मौलिक स्वतन्त्रता र मानवाधिकार उल्लङ्घनका कारकतत्वलाई प्रोत्साहन दिने गरेको दण्डहीनताको संस्कारसँग जुध्ने।

## पृष्ठभूमी

ईयू मानवअधिकार रक्षक निर्देशिकाको लक्ष्य ईयू सदस्य राष्ट्रलाई, विशेषत तेश्रो मुलुकमा, मानवअधिकार रक्षकको सुरक्षा र तिनलाई सहयोग गर्न हेतु व्यावहारिक दिशानिर्देश प्रदान गर्नु हो। यस निर्देशिका को पाठ https://eeas.europa.eu/topics/human-rights-and-democracy/414/human-rights--democracy_en मा पाउन सकिन्छ। ईयू सदस्य राष्ट्रले आफ्ना विदेश स्थित नियोगलाई यस निर्देशिका को सम्वर्धन र मानवअधिकार रक्षकलाई सहयोग गर्न व्यवहारिक उपाय पहिल्याउनको निम्ति स्थानीय कार्यन्वयन नीति बनाउन कार्यभार दिएको छ।

**मानवअधिकार रक्षकको लागि नेपालको स्थानीय अवस्था**

नयाँ संबिधानले मौलिक अधिकारहरु प्रदान गरेको भएता पनि तिनको कार्यन्वयन चुनौतिपूर्ण रहेको अवस्था छ। उदाहरणको लागि भुकम्प पिडितको बासको व्यवस्था अझ सम्म पनि पूर्ण हुन् नसक्नु। अहिलेको सङ्क्रमणकालिन न्यायिक प्रक्रियाले नयाँ अवसर प्रदान गरेको छ तर संगसंगै मानवअधिकार रक्षकका निम्ति नयाँ किसिमका जोखिम र चुनौती पनि ल्याएको अवस्था छ। मानवअधिकार रक्षक सरकारी तथा निजी पात्रहरुबाट आक्रमण र त्रासको जोखिममा छन्। यो कुरा बेपत्ता दण्डहीनता, द्वन्द्वको समयमा भएका दुर्व्यवहार, बालबालिकासँगको दुर्व्यवहार र मानव व्यापार इत्यादी जस्ता संवेदनशील विषयमा कार्य गर्ने मानवअधिकार रक्षकमा अझ बढी लागु हुन्छ. नेपाली समाजमा रहेको पितृसत्तात्मक र सोपानतन्त्रले गर्दा महिला मानव अधिकार रक्षक, LGBTI मानवअधिकार रक्षक, सिमान्तकृत समुदायको पक्षमा काम गरिरहेका मानवअधिकार रक्षक, विकलांग मानवअधिकार रक्षक तथा युवा मानवअधिकार रक्षक विशिस्ट जोखिममा छन्। काठमाडौं बाहिर तथा विकट ठाउँमा कार्य गर्ने मानवअधिकार रक्षक पनि जोखिममा छन् र यो संगसंगै अल्पसंख्यक र पिडित समूह जोखिममा छन् किन भने धेरैले आफ्नो अधिकार सुरक्षा प्रावधान बारे अझपनि अनभिज्ञ रहेको अवस्था छ।

वाक स्वतन्त्रता माथि त्रास र सुरक्षाको प्रत्याभूति नरहेको अवस्थाले गर्दा मानवअधिकार रक्षक, विशेषत स्थानीय तहमा कार्यरत पत्रकारलाई उच्च जोखिममा पुर्याउन सक्दछ। मानवअधिकार सम्बन्धी काम गर्ने संस्थाहरु समेत मानवअधिकार रक्षकको सुरक्षाको निम्ति बिधमान नीति र संयन्त्र बारे पर्याप्त जानकार नरहेको समेत पाइएको छ।

यस स्थानीय कार्यन्वयन नीतिको प्रसार नेपालीमा मात्र नभइ स्थानीय भाषामा भएको खण्डमा यसले मानवअधिकार रक्षकको काम गर्ने क्षेत्राधिकारलाई फराकिलो र सुद्रिढ्ढ गर्न मद्दत पुर्याउने छ जसले गर्दा उनीहरुले आफ्नो मुख्य कार्य/गतिविधिको ब्याख्या र प्रतिरक्षा गर्न सक्दछन। यस संगसंगै मानवअधिकार रक्षकलाई समानता र भेदभाव निर्मुल पार्न आव्हवान गरिन्छ।

**ईयू द्वारा नेपालमा कार्यरत मानवअधिकार रक्षक सम्बन्धी निर्देशिका को प्रवर्धन कसरी गर्ने सकिन्छ**

- नेपालमा मानवअधिकारको क्षेत्रमा काम गरिरहेका धेरै संस्था ईयू निर्देशिका बारे अनभिज्ञ वा अपरिचित रहेको अवस्था छ। तसर्थ ईयू निर्देशिका बारे अवगत गराउनका निम्ति यस निर्देशिकालाई स्थानीय भाषामा उल्था गरिने छ र मानवअधिकार आयोग सुरक्षा निकाय, राजनीतिक दल, शैक्षिक संस्थाहरु र कानून संकायमा प्रसार गरिनेछ।

- ईयूले नेपालमा मानवअधिकार रक्षकलाई गर्दै आएको सहायताबारे स्पष्ट पार्नको निम्ति स्थानीय कार्यन्वयन नीति (नेपाली अनुवाद सहित) लाई ईयू मिशनको वेवसाइटमा, निर्देशिकाको पूर्ण पाठको लिङ्क, प्रकाशित गरिनेछ।

- हामीले विधमान संजाल प्रयोग गरेर मानवअधिकार रक्षक, गैरसरकारी संस्था, पिडित पक्ष तथा संचार माध्यमलाई यस निर्देशिका बारे सुसूचित गर्न सक्दछौं। उदाहरणको निम्ति जिल्ला भ्रमण मार्फत, स्थानीय विकास साझेदार तथा राष्ट्रिय मानवअधिकार आयोग मार्फत पनि निर्देशिकाबारे प्रसार गर्न सकिने छ। बिशेषगरि हाम्रा साझेदार संस्थाद्वारा संचालित स्थानीय भाषामा चलिरहेका रेडियो कार्यक्रम मार्फत ईयू निर्देशिकालाई सिमान्तकृत समुदायलाई ससूचित गर्न सकिनेछ। सडक नाटक इत्यादी मार्फत यस निर्देशिकालाई आधारभूत समुदाय स्तरमा रहनु कार्यरत मानव अधिकार रक्षक र अभियानकर्ता सम्म पुर्याउन सकिन्छ।

- यस निर्देशिकाको व्यापक प्रसारको सुनिश्चितता निम्ति हामीले संचारक्षेत्रमा सम्पर्क गरि ईयूको भूमिका, मानवअधिकार रक्षकले गर्ने कार्य, ईयू निर्देशिका र स्थानीय कार्यन्वयन नीति बारे स्पष्ट पार्नेछौं।

**नेपालमा ईयूले मानवअधिकार रक्षकको सुरक्षा कसरी गर्न सक्छ**

- शिव भण्डारी (नेपाल स्थित ईयू डेलिगेशन: ७६१ निल सरस्वती मार्ग, लाजिम्पाट (P.O. Box: ६७५४), काठमाडौँ, नेपाल; फोन: +९७७-१-४४२९४४५ ext: १३० Email: <shiv.bhandari@eeas.europa.eu> नेपालमा मानवअधिकार रक्षकको सुरक्षा सम्बन्धी जिज्ञासा बारे जानकारी दिन सम्पर्क व्यक्ति तोकिएका हुन्। मानवअधिकार रक्षकहरुसँग नियमित सम्पर्क, बैठकको कार्यसूचीको र मिनेटको तयारी र वितरण मानवअधिकार रक्षकको लागि ईयू-कार्यसमूहको अध्यक्षको नाताले गर्ने गतिविधी हुन्।

  नोट: आवश्यकता अनुसार सूचना र त्यसको श्रोतगोप्य राखिने छ। मानवअधिकार रक्षकसँग हस्तक्षेपका योजना र गतिविधीहरु बारे प्रदान गरिएका सूचना बारे परामर्श गरिने छ।

- ईयू मिशनले नेपाल सरकार समक्ष मानवअधिकार रक्षकको कार्यलाई अवरोध पुर्याउने समस्याहरु बारे ध्यानाकर्षण गराउने छ। साथै Special Rapporteur on the situation of Human Rights Defenders (UNSRHRD) को भ्रमण वा UN को बिशेष प्रक्रियाहरुको थालनीको निम्ति सार्वजनिक वक्तव्य जारी गर्न सक्नेछ। उदहारणको लागि मानवअधिकार रक्षकको लागि ईयू-कार्यसमूहले गैरसरकारी संस्थाको दर्ता र कार्यपद्धतीको अनुगमन र त्यस बारे छलफल गर्न सक्नेछ, त्यसै गरि मानवअधिकार रक्षक र सङ्क्रमणकालिन न्यायको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगको सिफारिशको कार्यन्वयन बारे पनि छलफल र अनुगमन गर्न सक्नेछ। ईयू मिशनले UNSRHRD तथा प्रक्रियाहरुमार्फत नेपाल सरकारलाई प्रेषित संदेशहरुको सन्दर्भमा नेपाल सरकारको प्रतिक्रियाको समेत अनुगमन गर्न सक्नेछ।

- ईयू मिशनले काठमाडौं र क्षेत्रीय इकाईहरुमा आधारित पारम्परिक सहयोगी संस्थाहरु बाहेक पनि पुग्ने उद्देश्य राखेको छ। काठमाडौं र क्षेत्रीय इकाईक संस्थाहरु महत्वपूर्ण हुन् र तिनलाई पनि सहयोगको आवश्यकता रहेको छ तर ती संस्थाहरु प्राय: तुलनात्मक रुपमा नेपालका अरु भूभागमा कार्यरत सानो आकारको मानवअधिकार संस्था र पिडित संगठन भन्दा सुरक्षित र आर्थिक रुपमा सबल छन्। तसर्थ ईयू मिशनले आफ्नो सहयोगको वृति फराकिलो बनाई सानो आकारको र जोखिममा काम गरिरहेका संस्थासँग सम्पर्क स्थापित गर्नेछ र ती संस्था/संगठनलाई क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय संजालमा जोडिन सहयोग गरेर तिनलाई हुने सम्भावित जोखिम घटाउन मद्दत गर्नेछ। मानवअधिकार सम्बन्धि गैरसरकारी संस्थालाई सम्पर्क/संयन्त्रबारे सुझाउको निम्ति आव्हवान गरिनेछ।
- ग्रामिण र विकट ठाउँमा बसोवास गरिरहेका समुदाय भएको ठाउँमा मानवअधिकार रक्षकको कार्य प्रति समर्थन व्यक्त गर्न र तिनको सुरक्षा प्रति चासो व्यक्त गर्न भ्रमण आयोजना गरिनेछ।
- ईयू मिशनले मानवअधिकार रक्षक बिरुद्ध क्रमबद्ध उत्पीडन/हिंसाको प्रमाण उपलब्ध भएको अथवा मानवअधिकार रक्षक तात्कालिक रुपमा जोखिममा रहेको अवस्थामा डेमार्च वा वक्तव्य जारी गर्नेछ।
- ईयू मिशनले जोखिममा रहेका मानवअधिकार रक्षकको लागि "सुरक्षित निवास" कार्यक्रमको लागि योगदान तथा नेपाल सरकारले तिनको सुरक्षा प्रबन्धको सन्दर्भमा सम्भावित प्रस्तावको मुल्यांकन गर्न सक्दछ। यस कार्यले संजालको क्षेत्रीय विस्तार गर्न र उच्च जोखिममा रहेकाहरु अरु मानवअधिकार रक्षकलाई समेत समावेश गर्नेछ। यस्ता कार्यक्रमले मानवअधिकार रक्षकको भावनात्मक र मनोबैज्ञानिक परामर्शको आवश्यकताले मान्यता प्राप्त गर्नेछ।
- आर्थिक सहयोगको निम्ति व्यापक भौगोलिक क्षेत्रको मूल्यांकन गर्दा, उदाहरणको लागि मानवअधिकार रक्षकलाई थप तालिम दिन, संजालको स्थापना/सुद्रिढीकरण, राष्ट्रियमानवअधिकार आयोग वा अन्य मानवअधिकार संस्थाको राष्ट्रिय/स्थानीय संरचनासँग सहकार्य गर्न बनाइएको परियोजनामा जिल्ला र प्रदेसबाट प्राप्त सिफारिशलाई आधार बनाइनेछ।
- ईयू मिशनले मानवअधिकार रक्षकलाई गरेका सहयोग सन्तुलित तथा लक्षित भए नभएको सुनिस्चित गर्नेछ र सम्भावित मानवअधिकार रक्षक परियोजनालाई आर्थिक सहयोग बारे ईयू साझेदारहरुसँग समन्वय गर्नेछ।

- ईयू मिशनले सुरक्षाको मुद्दालाई उच्च महत्व दिनका निम्ति मानवअधिकार सम्बन्धि संस्थालाई प्रोत्साहित गर्नेछ. हामीले सहयोग गरेका मानवअधिकार सम्बन्धि परियोजनाहरुमा सुरक्षा सम्बन्धि तालिम र कर्मचारी सुरक्षाको बुंदा अनिवार्य हुनुपर्ने कुरामा विशेष जोड दिनेछौं।
- मानवअधिकार रक्षकलाई ईयू नागरिकको व्यापक समर्थन रहेको कुरा ईयू मिशनले विभिन्न कार्य मार्फत प्रदर्शन छ जसले गर्दा तिनले सामना गरेको जोखिममा कमि आउने छ। हामीले

मानवअधिकार रक्षकहरुलाई दूतावासको औपचारिक कार्यक्रममा निमंत्रन गर्नेछौं र मानवअधिकार रक्षकले आयोजना गरेका औपचारिक कार्यक्रममा सहभागिता जनाउने छौं।

- ईयू सदस्य राष्ट्रहरुले केन्द्रिय कार्यालयलाई नेपालको मानवअधिकारको अवस्था बारेको प्रतिवेदन पेश गर्दा त्यसमा मानवअधिकार रक्षकको अवस्था बारे पनि समावेश गरिने छ।
- उपयुक्त भए अनुसार ईयू सदस्य राष्ट्रहरुले मानवअधिकार रक्षकका मुद्दालाई उच्च स्तरीय द्विपक्षीय मिशन तथा सरकार वा अरु सरोकारवालासँगको बैदेशिक भ्रमणको कार्यसूचीमा राखिने छ र मानवअधिकार रक्षकसँग उपयुक्त विषयवस्तुमा संवादको निम्ति परामर्श गरिने छ।
- उपयुक्त भए अनुसार ईयू सदस्य राष्ट्रले मानवअधिकार रक्षक माथि अदालतमा अभियोजन प्रक्रियाको अवलोकनको निम्ति उपस्थित हुनसक्छन तथा मानवअधिकार रक्षाको अधिकारको उल्लङ्घनमा आरोपित व्यक्तिको अभियोजनमा उपस्थित हुन बारे समेत विचार गर्न सक्छन्।
- ईयू कार्यसमूहको स्थापना नेपालमा ईयू निर्देशिका को कार्यन्वयनको समन्वयको लागि गरिएको थियो र सन् २००७ देखि यस समूहको बैठक काठमाडौंमा नियमित रुपमा आयोजना भइरहेको छ।

**मानवअधिकार रक्षक सम्बन्धी ईयू कार्य समूहले गर्ने गतिविधि**

- ईयू सदस्य राष्ट्रहरुले मानवअधिकार रक्षकको सुरक्षाको निम्ति एउटा सम्पर्क समुहको स्थापना गरेको छ। यस समूहमा ईयू राष्ट्र, इच्छुक दातृ राष्ट्र, राष्ट्रिय मानवअधिकार आयोग, अन्तराष्ट्रिय संघसंस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा नागरिक समाजको प्रतिनिधि समेत सामेल छन्। विषयवस्तु अनुसार नागरिक समाजको प्रतिनिधित्वको पुनरावलोकन गरिने छ। यो सम्पर्क समूह कुनै पनि संस्थालाई आर्थिक सहयोग प्रदान गरिने मन्चको रुपमा प्रयोग गरिनु हुन्न। (मानवअधिकार रक्षक तथा संस्थाले राजनीतिक वा अरु कुनै गतिविधिले गर्दा सुरक्षामा चुनौती भएको बेला मात्र आर्थिक सहयोगका विषय सम्बोधन गर्न सकिने छ।) आर्थिक सहायोग बारे छलफल हुँदा कुनै अमुक निजी संस्था वा मन्च भन्दा पनि व्यापक रुपमा छलफल गरिने छ। संयुक्त तथा सहयोगी कार्य तथा गतिविधि मार्फत मानवअधिकार रक्षकको अवस्था सम्बोधन गर्न हेतू ईयू कार्य समूह कार्य उन्मुख हुने र राजनीतिक समाधान खोज्न अग्रसर रहने छ।

- यस समूहले हरेक संघसंस्थामा यस विषयवस्तुमा केन्द्रित सम्पर्क व्यक्तिहरुको सूची राख्नेछ तथा एक पटकमा एक वर्षको निम्ति अध्यक्षको छनौट गर्नेछ।
- यो सम्पर्क समूह मानवअधिकार रक्षकको अवस्था र ईयू स्थानीय कार्यन्वयन नीति बारे को प्रगती विवरणको पुनरावलोकनको लागि हरेक तीन महिनामा बैठक बस्नेछ। यस बाहेक आवश्यकता अनुसार पुनरावलोकनको सिफारिश गर्नसक्ने छ। बैठक पश्चात उक्त विषयमा केन्द्रित तथा आगामी महिनाको लागि उपयुक्त सिफारिश समेत समावेश भएको

प्रतिवेदन/विवरण तैयार गरिने छ। यस समूहको अध्यक्षले चौमासिक बैठकको आह्वान र प्रतिवेदनको मसौदा तैयार गर्नेछन्।

- हरेक बैठकले मानवअधिकार रक्षकको लागि ईयू-कार्यसमूह वा सदस्य राष्ट्र वा द्विपक्षीय स्तरमा ईयू डेलिगेशन द्वारा गरिएका गतिविधिको पुनरावलोकन र आगामी दिनमा गरिने कार्य तथा गतिविधि बारे छलफल गर्नेछ।
- यस समूहक सदस्य राष्ट्रले समूहक गतिविधिको प्रभावबारे जानकारी दिन र अधिकतम प्रतिक्रिया तथा सहभागिता प्राप्त गर्नक लागि आफ्नो सन्जालमा सूचना सम्प्रेषण गर्नेछन्। उदाहरणको लागि नागरिक समाजका सदस्यले काठमाडौँ बाहिरका मानवअधिकार रक्षकलाई, कुटनीतिक प्रतिनिधिले आआफ्नो नियोग र केन्द्रिय कार्यालयलाई सूचना सम्प्रेषण गर्नेछन्।

- यस समूहको दुई वटा बैठकको बीचमा इमेल मार्फत सूचना आदानप्रदान गर्न सकिने छ र साथै हरेक समूह  सदस्यले समूहका अध्यक्षलाई आवश्यता परेको खण्डमा बैठक आह्वान गर्न अनुरोध गर्न सक्नेछ। यस कार्य समूह द्वारा मानवअधिकार रक्षकको सुरक्षाको लागि एउटा विशेष उप समूहको गठन गरिएको छ। यस उपसमूहको उद्देश्य मानवअधिकार रक्षकको बिरुद्ध गरिएका घटनाको अनुगमन तथा दस्तावेजीकरण रहने छ। यस बाहेक कार्य समूहलाई उपयुक्त उपाय / प्रतिक्रिया जनाउनका निम्ति सुझाउ दिनुहुने छ। ती उपाय/प्रतिक्रियामा सरकारसँग सरक्षा बारे चासो ब्यक्त गर्नु / वकालत गर्नु, कानूनी प्रक्रिया (अभियोगको अनुगमन) र मानवअधिकार रक्षकको भौतिक सुरक्षा र तिनले गरेका कामको प्रचारप्रसार वा मानवअधिकार रक्षकको लागि ईयू-कार्यसमूह द्वारा निर्दिष्ट गरिएको कुनै पनि मुद्दा वा विषय समावेश हुन् सक्नेछ।
- ईयू निर्देशिकाको उद्देश्य परिपुर्ती हेतू यस नीतिमा उल्लेख गरिएको बाहेकका गतिविधिको आवश्यकतालाई स्वीकार्य गर्दै आगामी दिनमा मानवअधिकार रक्षकको लागि ईयू-कार्यसमूह द्वारा स्थानीय मानवअधिकार रक्षकसँगको छलफल मार्फत परिभाषित गरिने छ।